# कोशी प्रदेश बालबालिका संरक्षण नियमावली, २०८०

कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्बाट

स्वीकृत मिति: २०८०/१०/०६

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

# कोशी प्रदेश बालबालिका संरक्षण नियमावली, २०८०

कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७ को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "कोशी प्रदेश बालबालिका संरक्षण नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "आपतकालीन अवस्थामा रहेका बालबालिका" भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनु पर्छः-

(१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

(२) हराएको वा बेवारिसे अवस्थामा फेला परेका,

(३) ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको,

(४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको,

(५) दुर्घटना भएको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,

(६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे भएको,

(७) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको,

(८) हिंसाबाट प्रभावित भएको,

(९) आमाबाबु वा संरक्षकको संरक्षणबाट बञ्चित भएको,

(१०) अपहरण वा शरीर बन्धकमा परेको,

(११) सडक बालबालिका,

(१२) एच.आई.भी. एड्स संक्रमित भएको,

(१३) सञ्चालक समितिले तोकेका अन्य बालबालिका ।

सामाजिक विकास मन्त्रालय

(ख) "ऐन" भन्नाले "कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७" सम्झनु पर्छ ।

(ग) "पर्यवेक्षक" भन्नाले मन्त्रालयले नियम १९ बमोजिमको बाल सम्मेलनमा सहभागी गराउने बालक्लब सञ्जाल सदस्यको मनोनयनमा नपरेका बालबालिका सम्झनु पर्छ ।

(घ) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ र सो शब्दले कोशी प्रदेश सरकार अन्तर्गतका अन्य निकायलाई समेत जनाउँछ ।

(ङ) "बालकोष" भन्नाले ऐनको दफा १६ बमोजिमको बालकोष सम्झनु पर्छ ।

(च) "बालक्लब सञ्जाल" भन्नाले नियम ७ बमोजिमको बालक्लब सञ्जाल सम्झनु पर्छ ।

(छ) "बालक्लब सञ्जाल सदस्य" भन्नाले बालक्लब सञ्जालको सदस्य सम्झनु पर्छ र सो शब्दले बालक्लब सञ्जालको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र अन्य सदस्यहरूलाई समेत जनाउँछ ।

(ज) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(झ) "सञ्चालक समिति" भन्नाले नियम २३ बमोजिमको समिति सम्झनु पर्छ ।

(ञ) "समन्वय समिति" भन्नाले कोशी प्रदेशका चौध वटा जिल्लाका जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

## परिच्छेद —२

## बालगृहको सूचीकरण सम्बन्धी व्यवस्था

३. **बालगृहको सूचीकरणः** (१) प्रदेशमा सञ्चालनमा रहेका देहाय बमोजिमका बालगृहहरू मन्त्रालय समक्ष अनिवार्य रूपमा सूचीकृत हुनु पर्नेछः-

(क) ऐन लागु भए पश्चात प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालन अनुमति पाएका,

(ख) ऐन लागु हुनु भन्दा पहिले नै प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका ।

(२) उपनियम (१) बमोजिम सूचीकृत हुनका लागि बालगृहले अनुसूची —१ बमोजिमको ढाँचामा मन्त्रालयले तोकेको बैंकमा दुई हजार रूपैयाँ दस्तुरबापतको रकम जम्मा गरी सो को भौचर साथ मन्त्रालय समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सूचीकृत हुनका लागि पेश हुन आएको निवेदनको अध्ययन गरी तिस दिन भित्र मन्त्रालयले निवेदन पेश गर्ने बालगृहलाई अनुसूची –२ बमोजिमको ढाँचामा सूचीकृत भएको प्रमाणपत्र दिनेछ ।

(४) सूचीकृत हुनका लागि निवेदन पेश गर्ने बालगृहको सूचीकरण गर्नु अघि मन्त्रालयले आवश्यकता अनुसार स्थलगत अवलोकन गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम गरिएको स्थलगत अवलोकनबाट बालगृहको सञ्चालन प्रचलित मापदण्ड विपरित भएको पाइएमा वा अन्य कुनै कारणबाट अवलोकनकर्ताको प्रतिवेदनका आधारमा सूचीकृत गर्न नहुने राय प्राप्त भएमा त्यस्तो बालगृहको सूचीकरण गरिने छैन ।

(६) उपनियम (५) बमोजिम सूचीकरण नगरिएका बालगृहलाई तत्काल सो को जानकारी दिनुपर्नेछ ।

४. **नवीकरण:** (१) नियम ३ बमोजिम सूचीकृत भएका बालगृहले नवीकरणका लागि प्रत्येक दुई-दुई वर्षमा अनुसूची –३ बमोजिमको ढाँचामा मन्त्रालयले तोकेको बैंकमा पाँच सय रूपैयाँ दस्तुरबापतको रकम जम्मा गरी सो को भौचर साथ मन्त्रालय समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपनियम (२) बमोजिम नवीकरणका लागि पेश हुन आएको निवेदनको अध्ययन गरी तिस दिन भित्र मन्त्रालयले निवेदन पेश गर्ने सूचीकृत बालगृहको नवीकरण गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको समयमा नवीकरणका लागी निवेदन पेश नगर्ने सूचीकृत बालगृहले पुनः नवीकरण गराउन चाहेमा नवीकरणका लागी सुरु नवीकरण दस्तुरमा म्याद समाप्त भएपछिको पहिलो तिस दिनका लागि थप पाँच सय रूपैयाँ र अर्को तिस दिनका लागी थप एक हजार रूपैयाँ र अर्को तिस दिनका लागि थप एक हजार पाँच सय रूपैयाँ शुल्क बुझाउनु पर्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नवीकरण गर्ने अवधि समाप्त भएको मितिले नब्बे दिनभन्दा बढी समय व्यतित भएमा सूचीकृत बालगृहको नवीकरण गरिने छैन ।

(५) उपनियम (१) र (३) बमोजिम नवीकरणका लागि निवेदन पेश गर्ने सूचीकृत बालगृहको नवीकरण गर्नु अघि मन्त्रालयले आवश्यकता अनुसार स्थलगत अवलोकन गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम गरिएको स्थलगत अवलोकनबाट सूचीकृत बालगृहको सञ्चालन प्रचलित मापदण्ड विपरित भएको पाइएमा वा अन्य कुनै कारणबाट अवलोकनकर्ताको प्रतिवेदनका आधारमा नवीकरण गर्न नहुने राय प्राप्त भएमा त्यस्तो बालगृहलाई नवीकरण गरिने छैन ।

५. **सूचीकरण र नवीकरण गर्ने अधिकारीः** मन्त्रालयले बालबालिकासम्बन्धी विषय हेर्ने शाखा प्रमुखलाई नियम ३ र ४ को प्रयोजनका लागि बालगृह सूचीकरण र नवीकरण गर्ने अधिकारीको रूपमा तोक्नु पर्नेछ ।

६. **सम्बन्धित निकायमा सिफारिस गरी पठाउनेः** यस नियमावली बमोजिम बालगृहको सूचीकरण तथा सूचीकृत बालगृहको नवीकरण गर्ने प्रयोजनका लागि बालगृहको स्थलगत अवलोकन गर्न खटिएका अवलोकनकर्ताले नियम ३ को उपनियम (५) तथा नियम ४ को उपनियम (६) मा उल्लेख भए बमोजिमको बेहोराको प्रतिवेदन मन्त्रालयसमक्ष दिएमा मन्त्रालयले उक्त बालगृहलाई आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउनु पर्नेछ ।

## परिच्छेद —३

## बालक्लब सञ्जाल गठन सम्बन्धी व्यवस्था

७. **बालक्लब सञ्जालको गठनः** (१) प्रचलित स्थानीय कानून बमोजिम दर्ता भएका बालक्लबबाट प्रतिनिधित्व हुने गरी एक "कोशी प्रदेश स्तरीय बालक्लब सञ्चाल" को गठन हुनेछ ।

(२) उपनियम (१) बमोजिमको बालक्लब सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव तथा सदस्यहरू एक–एक जना गरी कुल चौध जना सदस्य रहनेछन् ।

(३) बालक्लब सञ्जाल सदस्यको पदावधि एक वर्षको हुनेछ र निजहरूको पुनः मनोनयन हुने छैन ।

(४) बालक्लब सञ्जाल सदस्य मनोनयन गर्दा अध्यक्ष तथा उपाध्यक्षमध्ये एक जना बालिका हुनुका साथै समग्र बालिकाको प्रतिनिधित्व कम्तीमा पचास प्रतिशत हुने गरी गर्नु पर्नेछ ।

(५) बालक्लब सञ्जाल सदस्य मनोनयन गर्दा प्रदेशका सबै जिल्लाबाट एक-एक जनाको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

(६) कोशी प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्री बालक्लब सञ्जालको संरक्षक हुनेछ ।

८. **गाउँ वा नगर बालक्लब सञ्जालको गठन गर्नुपर्नेः** (१) प्रत्येक स्थानीय तहमा बालक्लबहरूको प्रतिनिधित्व रहने गरी एक गाउँ वा नगर बालक्लब सञ्जाल रहनेछ ।

(२) उपनियम (१) बमोजिमको गाउँ वा नगर बालक्लब सञ्जालको गठन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले जारी गरेको कानून बमोजिम हुनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले गाउँ वा नगर बालक्लब सञ्जालको गठन सम्बन्धी कानून निर्माण गर्दा उक्त सञ्जालको अध्यक्ष तथा उपाध्यक्षमध्ये एक जना बालिका भई समग्र बालिकाको प्रतिनिधित्व कम्तीमा पचास प्रतिशत हुने गरी गर्नुका साथै सबै सदस्यको उमेर १७ वर्ष पुरा नभएको हुने गरी गर्नु पर्नेछ ।

स्पष्टीकरणः यस उपनियमको प्रयोजनका लागि "सबै सदस्य" भन्नाले गाउँ वा नगर बालक्लब सञ्जालका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्य लगायतका सबै पदका पदाधिकारी सम्झनु पर्छ ।

९. **स्थानीय तहले समन्वय समितिमा मनोनयन गरी पठाउनुपर्नेः** (१) बालक्लब सञ्जालको गठन प्रक्रियाका लागि प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रको बालक्लब सञ्जालको अध्यक्ष र उपाध्यक्षको नामावली समन्वय समितिमा मनोनयन गरी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नामावली पठाउँदा नामावली सँगसँगै अध्यक्ष र उपाध्यक्षको नेपाली नागरिकताको प्रमाण-पत्र वा नागरिकता नभएको अवस्थामा जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपिसमेत संलग्न गरी पठाउनु पर्नेछ ।

१०. **समन्वय समितिले मन्त्रालयमा मनोनयन गरी पठाउनुपर्नेः** (१) आफ्नो जिल्लाभित्रका सबै स्थानीय तहबाट नियम ९ बमोजिम प्राप्त नामावली मध्येबाट बालबालिकाको क्षमता तथा प्रस्तुतीकरणका आधारमा समन्वय समितिले फरक-फरक स्थानीय तहको प्रतिनिधित्व हुने गरी एक जना बालक र एक जना बालिकाको नामावली मन्त्रालयमा मनोनयन गरी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नामावली पठाउँदा नामावली सँगसँगै सम्बन्धित बालबालिकाको नेपाली नागरिकताको प्रमाण-पत्र वा नागरिकता नभएको अवस्थामा जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि समेत संलग्न गरी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम मनोनयन गरी पठाउँदा समन्वय समितिले भौगोलिकता तथा समावेशीता समेतलाई ध्यान दिई पठाउनु पर्नेछ ।

११. **मन्त्रालयले बालक्लब सञ्जाल सदस्य मनोनयन गर्नेः** (१) समन्वय समितिबाट नियम १० बमोजिम प्राप्त नामावलीहरू मध्येबाट मन्त्रालयले प्रत्येक जिल्लाबाट कम्तिमा एक-एक जनाको प्रतिनिधित्व हुने गरी समावेशीता समेतलाई आधार मानी बालक्लब सञ्जालका विभिन्न पदहरूमा मनोनयन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम मनोनयन गर्दा बालबालिकाको क्षमता तथा प्रस्तुतीकरणको मूल्याङ्कनका आधारमा मापदण्ड बनाई गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मनोनयनमा नपरेका बालबालिकाहरूलाई मन्त्रालयले आयोजना गर्ने नियम १९ बमोजिमको बाल सम्मेलनमा पर्यवेक्षकको रूपमा सहभागी गराइने छ ।

१२. **<u>बालक्लब सञ्जालको काम, कर्तव्य र अधिकारः</u>** यस नियमावलीमा अन्यत्र उल्लेख भएका कुराको अतिरिक्त बालक्लब सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बालबालिकाको हितको संरक्षण तथा बाल अधिकारको रक्षाका लागि पैरवी गर्ने,

(ख) आपतकालीन अवस्थामा रहेका बालबालिका तथा बाल विवाह लगायत अन्य घटनाका कारण पीडित बालबालिकाको अवस्थाको सम्बन्धमा मन्त्रालय, स्थानीय तह तथा अन्य निकायमा सूचना आदानप्रदान गर्ने,

(ग) प्रदेश सरकार तथा स्थानीय तहमा बालबालिका सम्बन्धी विषयमा गरिने नीतिगत निर्णय, निर्माण गरिने कानून तथा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमको सम्बन्धमा सल्लाह र सुझाव प्रदान गर्ने,

(घ) प्रदेश सरकार तथा स्थानीय तहद्वारा बालबालिकाको क्षेत्रमा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमको अनुगमन गर्ने,

(ङ) बालबालिकाको विषयमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा गरिने नीतिगत तथा कार्यक्रमगत छलफल र सहभागितामा सरोकारवालाको तर्फबाट प्रतिनिधित्व गर्ने,

(च) प्रदेशमा बालक्लबहरूबाट गरिने क्रियाकलापको अनुगमन तथा क्षमता विकासका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट गरिने क्रियाकलापका सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

१३. **<u>पद कायमै रहने:</u>** बालक्लब सञ्जाल सदस्य रहेका व्यक्तिहरूको सम्बन्धित स्थानीय तहको बालक्लब सञ्जालमा रहेको साबिकको पद कायमै रहने छ ।

१४. **<u>बालक्लब सञ्जाल सदस्यको पद रिक्त हुनेः</u>** देहायको अवस्थामा बालक्लब सञ्जाल सदस्यको पद रिक्त हुनेछः-

(क) १८ वर्ष उमेर पुरा भएमा,

(ख) मन्त्रालयसमक्ष लिखित रूपमा पदबाट राजीनामा गरेमा,

(ग) सम्बन्धित स्थानीय तहको बालक्लबको अध्यक्ष वा उपाध्यक्ष नरहेमा,

(घ) बाल बिज्याइँ गरी फौजदारी अभियोगमा अदालतमा मुद्दा परेमा,

(ङ) बाल विवाह भएमा ।

१५. **रिक्त भएमा पदपूर्ति सम्बन्धी व्यवस्थाः** (१) नियम १४ बमोजिम बालक्लब सञ्जाल सदस्यको पद रिक्त भएको अवस्थामा बालक्लब सञ्जाल सदस्य मनोनयन गरी बाँकी रहेका समन्वय समितिबाट प्राप्त नामावली मध्येबाट बालक वा बालिकामध्ये जसको पद रिक्त भएको हो सोही समूहबाट हुने गरी मनोनयन गरिने छ ।

(२) उपनियम (१) बमोजिम बालक्लब सञ्जाल सदस्य मनोनयन गर्दा बालक्लब सञ्जालको कार्यावधि सकिने बेलामा अठार वर्ष उमेर पुरा नहुने बालबालिकालाई मात्र बाँकी कार्यावधिको लागि बालक्लब सञ्जाल सदस्यको पदमा मनोनयन गरिने छ ।

१६. **बालक्लब सञ्जालको बैठकः** (१) बालक्लब सञ्जालको बैठक प्रत्येक छ/छ महिनाको अन्तरमा बस्नेछ ।

(२) मन्त्रालयसँग समन्वय गरी बालक्लब सञ्जालको अध्यक्षले तोकेको मिति, स्थान र समयमा बाल सञ्जालको बैठक बस्नेछ ।

(३) बालक्लब सञ्जालको बैठक बस्नुभन्दा कम्तिमा दुई दिन अगावै सञ्जालको सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) बालक्लब सञ्जालको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सञ्जालको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(६) बालक्लब सञ्जालको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) बालक्लब सञ्जालको बैठकमा आवश्यकता अनुसार कुनै सरकारी कर्मचारी, पदाधिकारी वा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) बालक्लब सञ्जालको बैठकको निर्णय सञ्जालको सचिवले प्रमाणित गरी राखु पर्नेछ र उक्त निर्णयको प्रमाणित प्रति मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

(९) बालक्लब सञ्जालको बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि सञ्जाल आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. **बालक्लब सञ्जालको सचिवालयः** बालक्लब सञ्जालको सचिवालय मन्त्रालयमा रहनेछ ।

१८. **फोकल पर्सन तोक्ने:** (१) बालक्लब सञ्जाल सदस्यहरूसँग सञ्जाल सञ्चालन सम्बन्धी कार्यमा सहयोग र समन्वय गर्नका लागि मन्त्रालयले मन्त्रालयको बालबालिका सम्बन्धी विषय हेर्ने शाखा प्रमुखलाई फोकल पर्सन तोक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको फोकल पर्सन बालक्लब सञ्जालको बैठकमा अनिवार्य उपस्थित भई बैठक सञ्चालन कार्यमा सहयोग गर्नु पर्नेछ ।

१९. **बाल सम्मेलन आयोजना गर्ने:** (१) बालबालिकाको सर्वोत्तम हितका लागि बालबालिकाबाटै राय तथा सुझाव ग्रहण गर्न साथै बालबालिकाको सरोकारका विविध विषयमा छलफल तथा अन्तर्क्रियामार्फत बालबालिकाको नेतृत्व विकास गर्न प्रत्येक वर्ष मन्त्रालयले प्रदेशस्तरीय बाल सम्मेलनको आयोजना गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको बाल सम्मेलनमा बालक्लब सञ्जालका सदस्यहरू र पर्यवेक्षकका साथै मन्त्रालय, प्रदेश तथा स्थानीय निकाय तथा सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहनेछ ।

(३) मन्त्रालयले उपनियम (१) बमोजिमको बाल सम्मेलनमा छलफल गरिने विषयवस्तुका सम्बन्धमा बालक्लब सञ्जालसँग समन्वय गर्नेछ ।

२०. **बालक्लब सञ्जाल बैठकको बैठक भत्ता र अन्य आर्थिक व्यवस्थापन:** (१) बालक्लब सञ्जालको बैठकमा उपस्थित हुने सदस्य तथा आमन्त्रित सदस्यहरूले प्रतिव्यक्ति एक हजार छ सय रूपैयाँका दरले बैठक भत्ता तथा प्रतिदिन प्रतिव्यक्ति एक हजार दुई सय रूपैयाँका दरले दैनिक तथा भ्रमण भत्ता प्राप्त गर्ने छन् । साथै, बालक्लब सञ्जालका अध्यक्ष तथा सचिवले बैठकको आयोजना भएका बखत सञ्चार खर्चबापत प्रतिव्यक्ति पाँच सय रूपैयाँका दरले प्राप्त गर्ने छन् ।

(२) नियम १९ बमोजिमको बाल सम्मेलनमा सहभागी हुने बालक्लब सञ्जालका सदस्य, पर्यवेक्षक तथा आमन्त्रित सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरूले समेत उपनियम (१) मा उल्लिखित दरले दैनिक तथा भ्रमण भत्ता प्राप्त गर्ने छन् ।

२१. **बजेट विनियोजन गर्ने:** बालक्लब सञ्जालको बैठक व्यवस्थापन तथा बाल सम्मेलन आयोजनाका लागि मन्त्रालयले प्रत्येक वर्ष वजेट विनियोजन गर्नेछ ।

## परिच्छेद –४

## बालकोष सञ्चालन सम्बन्धी व्यवस्था

२२. **बालकोषको उपयोगः** बालबालिकालाई तत्काल उद्धार, राहत र पुनःस्थापना गर्ने कार्यका लागि ऐनको दफा १५ बमोजिम स्थापना भएको बालकोषको रकम देहायको कामका लागि उपयोग गरिने छ :-

(क) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत दिन तथा पुनःस्थापना गर्न,

(ग) बालबालिकाको हक हितका सम्बन्धमा समितिले तोकेको अन्य काम गर्न वा गराउन ।

२३. **सञ्चालक समितिको गठनः** बालकोषको सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिम एक बालकोष सञ्चालक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय —अध्यक्ष

(ख) आन्तरिक मामिला तथा कानून मन्त्रालयको कानून विषय हेर्ने कम्तिमा अधिकृतस्तर नवौं वा सो सरहको प्रतिनिधि —सदस्य

(ग) आर्थिक मामिला तथा योजना मन्त्रालयको कम्तिमा अधिकृतस्तर नवौं वा सो सरहको प्रतिनिधि —सदस्य

(घ) प्रदेश प्रहरी कार्यालयको कम्तिमा प्रहरी नायव उपरीक्षक दर्जाको अधिकृत प्रतिनिधि —सदस्य

(ङ) मन्त्रालयको बालबालिका विषय हेर्ने महाशाखा प्रमुख —सदस्य-सचिव

२४. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** यस नियममा अन्यत्र उल्लेख भए बाहेक सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार, राहत र पुनःस्थापनाका लागि मापदण्ड बनाई लागु गर्ने,

(ख) आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, त्यस्ता बालबालिकालाई राहत दिने तथा पुनःस्थापना गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमाका लागि मार्गनिर्देश गर्ने,

(ग) कुनै बालबालिका आपतकालीन अवस्थामा रहेको बालबालिका भए नभएको निर्धारण गर्ने,

(घ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ङ) कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने,

(च) आपतकालीन अवस्थामा रहेका बालबालिकाको हितको लागि आवश्यकता अनुसार अन्य काम गर्ने वा गराउने ।

२५. **<u>सञ्चालक समितिको बैठक:</u>** (१) सञ्चालक समितिको बैठक छ महिनामा कम्तिमा एक पटक वा आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक सुरू हुनु भन्दा कम्तिमा दुई दिन अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूचीको विवरण सहितको सूचना समितिका सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) सञ्चालक समितिले आवश्यकता अनुसार प्रदेश सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य सरोकारवाला व्यक्तिलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(७) सञ्चालक समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२६. **<u>बालकोष रकमको खर्च सम्बन्धी व्यवस्था:</u>** (१) बालकोषको रकम नियम २२ मा लेखिए बाहेकको अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बालकोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त ब्याज रकमको पाँच प्रतिशतसम्मको रकम प्रतिवर्ष सञ्चालक समितिको सचिवालय वा बैठक सञ्चालन वा प्रशासनिक कार्य गर्न लाग्ने खर्चको लागि उपयोग गर्न सकिनेछ ।

(३) सञ्चालक समितिको निर्णयानुसार मन्त्रालयले बालकोषको रकम खर्चका लागि निकासा गर्नेछ ।

२७. **तत्काल रकम उपलब्ध गराउन सक्ने:** (१) यस नियमावलीको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आपतकालीन अवस्थामा रहेका बालबालिकालाई तत्काल उद्धार नगरेमा, राहत नदिएमा तथा पुनःस्थापना नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको अध्यक्षको सिफारिसमा बालकोषबाट एकपटकमा पच्चिस हजार रूपैयाँमा नबढ्ने गरी मनासिव रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्बन्धित बालबालिकालाई रकम उपलब्ध गराइएकोमा तत्पश्चात् बस्ने सञ्चालक समितिको बैठकबाट उक्त कुरालाई अनुमोदन गराउनु पर्नेछ ।

२८. **खाता सञ्चालन:** (१) बालकोषको रकम प्रचलित कानून बमोजिमको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन सञ्चालक समितिको सदस्य-सचिव र मन्त्रालयको आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

२९. **स्थानीय तहमा रकम उपलब्ध गराउन सकिने:** (१) स्थानीय तहको कानून बमोजिम स्थापना भएको बालकोषलाई सञ्चालक समितिको निर्णय बमोजिम बालकोषको रकम उपलब्ध गराउन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम रकम उपलब्ध गराउँदा स्थानीय तहभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार, राहत र पुनःस्थापनाका लागि प्रचलित स्थानीय कानून बमोजिम स्थापना भएको कोषमा रकम माग गरी सम्बन्धित स्थानीय तहले मन्त्रालयसमक्ष गरेको पत्राचारका आधारमा सञ्चालक समितिले गरेको निर्णय बमोजिम बालकोषबाट रकम उपलब्ध गराइनेछ ।

३०. **बालकोषको लेखा र लेखा परीक्षण:** (१) बालकोषको आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) बालकोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुनेछ ।

(३) बालकोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

३१. **बैठक भत्ता:** सञ्चालक समितिको बैठकमा भाग लिएबापत समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित सदस्यले प्रदेश सरकारको प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।

३२. **बालकोषको सचिवालय:** कोषको सचिवालय मन्त्रालयमा रहनेछ ।

३३. **अभिलेख राख्ने:** सञ्चालक समितिले आफूले गरेका काम कारबाहीको अभिलेख दुरूस्त राख्नुपर्नेछ ।

३४. **निर्देशन दिन सक्ने:** (१) सञ्चालक समितिले गर्ने काम कारबाहीको सम्बन्धमा मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

३५. **खारेज हुन सक्ने:** (१) विशेष कारणबस बालकोषको सञ्चालन गर्न आवश्यक नभएमा प्रदेश सरकारले जुनसुकै बखत उक्त कोष खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बालकोष खारेज भएमा उक्त कोषमा भएको सम्पूर्ण रकम प्रदेश सरकारमा स्वतः हस्तान्तरण हुनेछ ।

## परिच्छेद –५
## विविध

३६. **प्रतिवेदन पेश गर्ने:** (१) सूचीकृत भएका बालगृहहरूले प्रत्येक वर्ष अनुसूची –४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ ।

(२) नियम २९ बमोजिम बालकोषको रकम प्राप्त गरेका स्थानीय तहले प्रत्येक वर्ष आफ्नो कोषबाट भएको खर्चको सम्बन्धमा वार्षिक फाँटवारी प्रतिवेदन तयार गरी मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ ।

(३) सञ्चालक समितिले आफूले वर्षभरी गरेको कामको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (१), (२) र (३) बमोजिमको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र पेश गरिसक्नु पर्नेछ ।

सामाजिक विकास मन्त्रालय

३७. **<u>अनुसूचीमा परिमार्जनः</u>** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको अनुसूचीमा आवश्यक परिमार्जन गर्न सक्नेछ ।

३८. **<u>संशोधन वा खारेजीः</u>** यस नियमावलीको आवश्यकता अनुसार संशोधन वा खारेजी गर्ने अधिकार प्रदेश सरकारमा निहित रहनेछ ।

सामाजिकविकासमन्त्रालय

## अनुसूची –१
### (नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

### बालगृह सूचीकरणका लागि पेश गरिने निवेदनको ढाँचा

मितिः ............................

श्री सामाजिक विकास मन्त्रालय,
कोशी प्रदेश, विराटनगर, नेपाल ।

विषयः बालगृह सूचीकृत गरी पाउँ ।

प्रस्तुत विषयमा मिति .................. मा ...................................................................... नामको बालगृह प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनका लागि अनुमतिप्राप्त गरेकाले कोशी प्रदेश बालबालिका संरक्षण नियमावली, २०८० को नियम ३ को उपनियम (२) बमोजिम तहाँ मन्त्रालयमा सूचीकृत गरिदिनका लागि देहायको कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

निवेदन पेश गर्ने बालगृहको नाम, ठेगानाः छापः
बालगृहको तर्फबाट निवेदकको नाम, थरः
पदः
सम्पर्क नम्बरः
इमेलः

**संलग्न कागजातहरू**

(क) बालगृहको दर्ता तथा नवीकरण प्रमाण–पत्रको प्रमाणित प्रतिलिपि,
(ख) बालगृह सञ्चालन अनुमति –पत्र तथा सो को नवीकरणको प्रमाणित प्रतिलिपि,
(ग) बालगृहको स्वीकृत विधानको प्रमाणित प्रतिलिपि,
(घ) गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,
(ङ) बालगृह सूचीकृत गर्न सम्बन्धित स्थानीय तहबाट गरिएको सिफारिस –पत्रको प्रमाणित प्रतिलिपि,
(च) वर्तमान सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरूको नामावली तथा पदसहितको विवरण खुलेको कागजातको प्रमाणित प्रतिलिपि,
(छ) बालगृहमा रहेका बालबालिकाको नाम, ठेगाना, उमेर लगायतका कुराहरू खुलेको फोटोसहितको विवरण,

(ज) बालगृह सञ्चालक समितिबाट सामाजिक विकास मन्त्रालयसमक्ष सूचीकृत गर्न गरिएको निर्णयको प्रमाणित प्रतिलिपि,

(झ) बालगृहको आफ्नै घर जग्गा भए सो को प्रमाण-पुर्जा वा कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता-पत्रको प्रमाणित प्रतिलिपि,

(ञ) सूचीकृत गर्न लाग्ने राजस्व जम्मा गरेको भौचर ।

सामाजिक विकास मन्त्रालय

अनुसूची —२
(नियम ३ को उपनियम (३) सँग सम्बन्धित)

**बालगृह सूचीकृत भएको प्रमाण —पत्र**

## प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## कोशी प्रदेश, विराटनगर, नेपाल

...................................... बालगृहको तर्फबाट उक्त बालगृहलाई यस मन्त्रालयसमक्ष सूचीकृत गर्नका लागि मिति .................................... मा दिएको निवेदन उपर कारबाही हुँदा बालगृह सूचीकृत गर्न मिति .................................... मा भएको निर्णय बमोजिम यो सूचीकृत गरिएको प्रमाण —पत्र जारी गरिएको छ ।

सूचीकृत प्रमाण —पत्र नं:
जारी मितिः
कायम हुने अवधिः मिति ................ सम्म

**सूचीकृत गर्ने अधिकारीको**
दस्तखतः
नाम, थरः
पदः
कार्यालयः

**नवीकरण**

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण गर्ने अधिकारीको | | |
|---|---|---|---|---|
| | | नाम, थर | पद | दस्तखत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सामाजिकविकासमन्त्रालय

## अनुसूची —३
**(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)**

**<u>सूचीकृत बालगृह नवीकरणका लागि पेश गरिने निवेदनको ढाँचा</u>**

मितिः ........................

श्री सामाजिक विकास मन्त्रालय,
कोशी प्रदेश, विराटनगर, नेपाल ।

विषयः सूचीकृत बालगृह नवीकरण गरी पाउँ ।

प्रस्तुत विषयमा मिति .................. मा ....................................................................... नामको बालगृह प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनका लागि अनुमतिप्राप्त गरी कोशी प्रदेश बालबालिका संरक्षण नियमावली, २०८० को नियम ३ को उपनियम (३) बमोजिम तहाँ मन्त्रालय समक्ष सूचीकृत समेत भएकोमा मिति .................. सूचीकृत भएको दुई वर्ष अवधि पुरा भएकाले सोही नियमावलीको नियम ४ को उपनियम (१) बमोजिम सूचीकृत बालगृह नवीकरणका लागि देहायको कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

निवेदन पेश गर्ने बालगृहको नाम, ठेगानाः छापः
बालगृहको तर्फबाट निवेदकको नाम, थरः
पदः
सम्पर्क नम्बरः
इमेलः

**<u>संलग्न कागजातहरू</u>**

(क) बालगृहको दर्ता तथा नवीकरण प्रमाण—पत्रको प्रमाणित प्रतिलिपि,
(ख) बालगृह सञ्चालन अनुमति —पत्र तथा सो को नवीकरणको प्रमाणित प्रतिलिपि,
(ग) बालगृहको स्वीकृत विधानको प्रमाणित प्रतिलिपि,
(घ) बालगृहको सामाजिक विकास मन्त्रालयसमक्ष सूचीकृत भएको प्रमाण —पत्र,
(ङ) गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,
(च) सूचीकृत बालगृह नवीकरणका लागि सम्बन्धित स्थानीय तहबाट गरिएको सिफारिस —पत्रको प्रमाणित प्रतिलिपि,

सामाजिक विकास मन्त्रालय

(छ) वर्तमान सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरूको नामावली तथा पदसहितको विवरण खुलेको कागजातको प्रमाणित प्रतिलिपि,

(ज) बालगृहमा रहेका बालबालिकाको नाम, ठेगाना, उमेर लगायतका कुराहरू खुलेको फोटोसहितको विवरण,

(झ) बालगृह सञ्चालक समितिबाट सामाजिक विकास मन्त्रालयसमक्ष सूचीकृत बालगृह नवीकरण गर्न गरिएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ञ) बालगृहको आफ्नै घर जग्गा भए सो को प्रमाण-पुर्जा वा कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता-पत्रको प्रमाणित प्रतिलिपि,

(ट) नवीकरणका लागि लाग्ने राजस्व जम्मा गरेको भौचर ।

सामाजिक विकास मन्त्रालय

अनुसूची —४

(नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

<u>सूचीकृत बालगृहहरूले पठाउनु पर्ने वार्षिक प्रतिवेदनको ढाँचा</u>

## बालगृहको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश समक्ष पेश गरिएको

# वार्षिक प्रतिवेदन

# (आ.व. ........................)

<u>पेश गर्ने</u>

..............................

...................................



सामाजिक विकास मन्त्रालय

१. बालगृहको नामः

२. बालगृह रहेको ठेगानाः

३. बालगृहको दर्ता मितिः

४. बालगृह सञ्चालन अनुमति प्राप्त गरेको मितिः

५. सामाजिक विकास मन्त्रालयसमक्ष सूचीकृत भएको मितिः

६. बालगृह सञ्चालक समिति सम्बन्धी विवरणः

| क्र.सं. | नाम, थर | पद | ठेगाना |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

७. बालगृह रहेको घर जग्गा सम्बन्धी विवरणः

(क) घर जग्गाः

१. आफ्नै रहेको

२. भाडामा रहेको

(ख) जग्गाको क्षेत्रफलः

(ग) घरको क्षेत्रफलः

(घ) कोठाको संख्याः

(ङ) प्रतिकोठा बालबालिका राखिने संख्याः

(च) शौचालयको संख्याः

(छ) बालक र बालिकाका लागि छुट्टाछुट्टै शौचालय भए/नभएको? ................

(ज) नभएको भए सो को कारण?

.........................................................................

८. बालगृहमा रहेका बालबालिकाको संख्याः ......

(क) बालकः

(ख) बालिकाः

९. अपाङ्गता भएका बालबालिका बालगृहमा भए/नभएको? ..............

१०. अपाङ्गता भएका बालबालिका बालगृहमा भएको भए

(क) अपाङ्गता भएका बालकको संख्याः ........

सामाजिक विकास मन्त्रालय

(ख) अपाङ्गता भएका बालिकाको संख्याः .........

(ग) अपाङ्गताको प्रकारहरू र संख्या

१.

२.

३.

४.

११. बालबालिकालाई अलग-अलग कोठामा राखिने गरिएको छ/छैन? ...........

१२. छैन भने सो को कारण?

..........................................................................................................

१३. विद्यालय जाने बालबालिकाको संख्याः .....

(क) बालकः

(ख) बालिकाः

१४. विद्यालय जाने अपाङ्गता भएका बालबालिकाको संख्याः ...

(क) बालकः

(ख) बालिकाः

१५. विद्यालय जाने उमेर पुगेका सबै बालबालिका विद्यालय भर्ना भएका/नभएकाः ..........

१६. नभएका भए विद्यालय भर्ना नभएका बालबालिकाको संख्या र सो को कारण?

............................................................................................................

१७. बालगृहमा बालबालिकाहरूलाई हेरचाह गर्ने खटिएका कर्मचारीहरू सम्बन्धी विवरण

| क्र.सं. | नाम, थर | लिङ्ग | ठेगाना | पद |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१८. बालगृह सञ्चालनमा लाग्ने अनुमानित वार्षिक रकमः रू. .............

(क) खाद्यान्नः रू. .................

(ख) पोशाकः रू. ...............

(ग) शिक्षाः रू. .................

(घ) स्वास्थ्य उपचारः रू. .....

(ङ) मनोसामाजिक मनोविमर्शः रू. ............

(च) खेलकुद/मनोरञ्जनः रू. ..................

(छ) अन्यः रू. .................

सामाजिक विकास मन्त्रालय

१९. जिन्सी प्राप्त सामग्रीको विवरण र स्रोत

(जिन्सी खाताको प्रतिलिपि संलग्न गर्ने वा तल तालिकामा उल्लेख गर्ने)

| क्र.सं. | सामग्रीको नाम | परिमाण | दाताको नाम, ठेगाना | प्राप्त मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

२०. प्राप्त जिन्सी सामग्रीहरू मध्ये आवश्यकता भन्दा बढी भएको वा प्रयोग गरिसकेपछि बाँकी रहेको मिति गुज्रन सक्ने सामग्रीको व्यवस्थापन कसरी गर्ने गरिएको?

.........................................................................................

२१. जिन्सी सामग्रीको बिक्रीबाट प्राप्त नगदलाई बालगृहको बैंक खातामा दाखिला गर्ने गरिएको छ/छैन?

.........................................................................................

२२. यदि छैन भने कसरी अभिलेख राख्ने गरिएको छ?

.........................................................................................

२३. गत वर्ष बालगृह सञ्चालनका लागि प्राप्त भएका रकमको स्रोत

(क) नेपाल सरकारः

(ख) प्रदेश सरकारः

(ग) स्थानीय तहः

(घ) निजी संस्थागत स्रोतः

(ङ) व्यक्तिबाट संकलितः

(च) जिन्सी सामग्रीको बिक्रीबाट प्राप्त नगदः

(छ) अन्य स्रोतबाट संकलित रकम (स्रोत र रकम खुलाउने):

१. .........

२. ..........

३. ...........

४. ............

२४. गत वर्ष बालगृहमा आएका नयाँ बालबालिकाहरूको संख्याः ....

(क) बालक .....

(ख) बालिका .....

सामाजिक विकास मन्त्रालय

२५. गत वर्ष बालगृहबाट पुनःस्थापना गरिएका बालबालिकाको संख्याः .........

(क) बालक .....

(ख) बालिका .....

२६. पुनःस्थापना सम्बन्धी विस्तृत विवरण

(क) बालबालिकाको घर ठेगानामा अभिभावकलाई जिम्मा लगाइएको संख्याः .....

१. बालकः .......

२. बालिकाः .........

(ख) बालबालिकाको नजिकका आफन्तलाई जिम्मा लगाइएको संख्याः .........

१. बालकः ..........

२. बालिकाः ........

(ग) धर्मपुत्र वा धर्मपुत्रीको रूपमा कानूनी प्रक्रिया पुरा गरी जिम्मा लगाइएको संख्याः ....

१. बालकः ............

२. बालिकाः ..........

(घ) अन्य बालगृहमा पठाइएको भए सो को संख्याः .....

१. बालकः .............

२. बालिकाः ...........

(ङ) अन्य तरिकाले पुनःस्थापना गरिएको भए सो सम्बन्धी विवरण र संख्या

१. .......

(क) बालकः ......

(ख) बालिकाः .........

(ग) जम्माः ........

२. ..........

(क) बालकः ......

(ख) बालिकाः .........

(ग) जम्माः ........

३. ..........

(क) बालकः ......

(ख) बालिकाः .........

(ग) जम्माः ........

सामाजिक विकास मन्त्रालय

२७. बालगृहमा बालबालिकाहरूलाई प्रदान गरिएको सेवा सम्बन्धी विवरण

(क)

(ख)

(ग)

(घ)

२८. आगामी वर्ष गरिने क्रियाकलापहरूको संक्षिप्त विवरण

(क)

(ख)

(ग)

(घ)

२९. बालगृह सञ्चालन गर्दा आइपरेका समस्याहरू

(क)

(ख)

(ग)

(घ)

३०. सरकारसँगको अपेक्षा

(क) प्रदेश सरकारसँगको अपेक्षा

..........................................................................................

..........................................................................................

(ख) नेपाल सरकारसँगको अपेक्षा

..........................................................................................

..........................................................................................

(ग) स्थानीय तहसँगको अपेक्षा

..........................................................................................

..........................................................................................

<u>प्रतिवेदकको</u>

दस्तखतः

नाम, थरः

पदः

संस्थाको नाम, ठेगानाः



सामाजिक विकास मन्त्रालय